**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।०६ गतेको बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।०६ गतेको बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो । निर्णय कार्यान्वयनलाई आगामी दिनमा प्रभावकारी बनाउन सबैले पहल गर्ने निर्णय समेत गरियो ।

२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रकाशित गरेको प्रारम्भिक कार्यसम्पादन मूल्याङ्कनमा पाल्पा जिल्लामा प्रथम भएकोले सबै गाउँसभाका सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु र सबै कर्मचारीहरुलाई धन्यवाद् ज्ञापन गर्ने निर्णय गरियो । आगामी दिनहरुमा पनि यो कार्यसम्पादनलाई कायमै राख्ने निर्णय गरियो ।

३. आगामी आ.व. २०८२/८३ का लागि संघीय समपुरक अनुदान तर्फ तपशिल अनुसारको योजना प्राथमिकताको आधारमा माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | लागत रकम रु. | प्राथमिकता क्रम | नयाँ/क्रमागत | संघीय सरकारबाट माग गर्ने रकम | स्थानीय तहबाट लागत साझेदारी |
|---|---|---|---|---|---|---|
| १ | चरचरे घुँघुँराछाप बिस्कुनडाँडा भक्तेछाप हुँदै माथागढी गाउँपालिका जोड्ने सडक वडा ५ | ३,००,००,०००।- (तिन करोड) | १ | नयाँ | १,५०,००,०००।- (एक करोड पचास लाख) | १,५०,००,०००।- (एक करोड पचास लाख) |
| २ | मस्याम माध्यमिक विद्यालयमा छात्राबास भवन निर्माण, वडा नं. ३ | २,००,००,०००।- (दुई करोड बिस हजार) | २ | नयाँ | १,००,००,०००।- (एक करोड) | १,००,००,०००।- (एक करोड) |
| ३ | खुलखुले पार्क भौतिक पूर्वाधार निर्माण, वडा नं. ३ | २,००,००,०००।- (दुई करोड बिस हजार) | ३ | नयाँ | १,००,००,०००।- (एक करोड) | १,००,००,०००।- (एक करोड) |

४. आगामी आ.व. २०८२/८३ का लागि संघीय विशेष अनुदान तर्फ तपशिल अनुसारको योजना वहुवर्षिय रुपमा ३ वर्षमा योजना सम्पन्न गर्ने गरी माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | प्राथमिकता क्रम | नयाँ/क्रमागत | लागत अनुमान | संघीय सरकारबाट |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तिनाउ गुणस्तरीय शैक्षीक विकास तथा साक्षरता सुधार परियोजना | १ | क्रमागत | ४,९५,००,०००।-<br>(चार करोड पन्चानब्बे लाख) | ४,९५,००,०००।-<br>(चार करोड पन्चानब्बे लाख) |
| २ | तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | २ | नयाँ | २,९९,९३,०००।—<br>(दुइ करोड उनन्सय लाख त्रियानब्य रुपैया) | २,९९,९३,०००।—<br>(दुइ करोड उनन्सय लाख त्रियानब्य रुपैया) |

५. माथित उल्लेखित तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम तिन वर्षको रकम अनुमान तपसिल अनुसार तयार गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आर्थिक वर्ष | रकम रु. |
|---|---|---|
| १ | २०८२/८३ | १,४८,८३,०००।- |
| २ | २०८३/८४ | ९४,६१,०००।- |
| ३ | २०८३/८४ | ५६,४९,०००।- |
| | जम्मा | २,९९,९३,०००।- |

६. तिनाउ गाउँपालिका वडा नं. १ को जन प्रा.वि.मा रजत जयन्तिको अवसरमा गेट निर्माण गर्न रु. १ लाख ५० हजार अन्यसंस्था सहायत शिर्षकबाट भुक्तानी दिने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

७. तिनाउ गाउँपालिकाको वडा नं. २ को थानीडाँडा माध्यमिक विद्यालयको ट्रस निर्माणको लागि रु. २ लाख शैक्षिक सुधार शिर्षकबाट भुक्तानी दिने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. तिनाउ गाउँपालिका भित्र सडक निर्माण तथा विस्तारको क्रममा सडक अधिकार क्षेत्रबाट स्वीकृत परिमाण (BoQ) को आधारमा निस्कने ढुङ्गा र माटो अन्यत्र व्यवस्थापन गर्ने अवस्था सिर्जना भएमा वडा कार्यालयबाट नियमानुसार विक्री मूल्य बराबरको रकमको रसिद काटी अन्यत्र व्यवस्थापन गर्न अनुमती दिने निर्णय गरियो ।

९. आर्थिक वर्ष २०८१/८२ मा खरिद हुने मिनिट्रिलरहरु तपसिल अनुसार वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा | वितरण हुने मिनिट्रिलर संख्या |
|---|---|---|
| १ | १ | ९ |
| २ | २ | ८ |
| ३ | ३ | ८ |

| | | |
|---|---|---|
| ४ | ४ | ८ |
| ५ | ५ | ८ |
| ६ | ६ | ९ |
| | जम्मा | ५० |

१०. यस गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठ यही फ्रेबुअरी २५ देखि २८ सम्म थाइल्याण्डमा आयोजना हुने 12th Asia-Pacific Forum on Sustainable Development (APFSD), UCLG ASPAC को आयोजनामा हुने Local and Regional Government Assembly र केही स्थानीय सरकारहरुसँग अनुभव आदान प्रदान हुने कार्यक्रममा गाउँपालिका महासंघको तर्फबाट मनोनयन हुनु भएकोले निजको थाइल्याण्डको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो । भ्रमणमा लाग्ने आर्थिक दायित्व यस गाउँपालिकाको स्वीकृत बजेटबाट व्यहोर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको सार्वजनिक खरिद नियमावली को नियमा १५८ को उपनियम १ को घ बमोजिमको सदस्यमा यस गाउँपालिकाको आर्थिक विकास संयोजक श्री पम्फा मगरलाई तोक्ने निर्णय गरियो ।

१२. आर्थिक वर्ष २०८१/८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालनको लागि प्राविधिक समितिको सिफारिसको आधारमा वडा नं. ५ को सिर्जनशिल कृषक समूह छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३. तिनाउ गाउँपालिका वडा नं. १ को देविश्वरी प्रा.वि.मा स्वर्ण जयन्तिको अवसरमा गेट निर्माण गर्न रु. १ लाख ५० हजार अन्यसंस्था सहायत शिर्षकबाट भुक्तानी दिने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. राष्ट्रिय मगर दिवसको अवसरमा मिति २०८१।११।१५ गते यस गाउँपालिकाको गाउँकार्यपालिका कार्यालय, सबै वडा कार्यालयहरु, सबै शैक्षिक संस्थाहरु, सबै स्वास्थ्य संस्थाहरु तथा सरकारी कार्यालयहरुमा स्थानीय विदाको रुपमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

१५. ससर्त अनुदानमा बजेट व्यवस्था भए अनुसार तिनाउ गाउँपालिकाको वडा नं. ६ को मिलटोल डुम्रेमा झोलुङ्गे पुल निर्माण गर्ने निर्णय गरियो ।

१६. तिनाउ गाउँपालिकाको वडा नं. १ को सिद्द आधारभुत विद्यालयलाई प्रोजेक्टर खरिद गर्न रु. ७५ हजार रकम शैक्षिक सुधार कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो ।

१७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रकाशित गरेको आयोगको चौतिसौं वार्षिक प्रतिवेदन आ.व. २०८०/८१ मा दिइएको सुझावहरु छलफल गरी कार्यालयको कार्यसम्पादन गर्दा पालना गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।०६ गतेको बैठकका निर्णयहरुः**

१८. तिनाउ गाउँपालिकाको छैठौं गाउँपालिका स्तरीय राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता कार्यक्रम २०८१ मा अपुग भएको रु. ३ लाख ६० हजार रकम खेलकुद प्रवर्द्धन कार्यक्रमबाट थप गरी भुक्तानी दिने निर्णय गरियो ।

१९. सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको करकमलबाट यस गाउँपालिकाको प्रशासनीक भवन उदघाटन गर्दा भएको खर्च रु. ८ लाख ३२ हजार १०८ रकम विविध कार्यक्रम खर्च, विविध खर्च र कार्यक्रम खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

२०. तिनाउ गाउँपालिकाको वडा नं. २ को नुवाकोटमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि माग गर्ने निर्णय गरियो ।